सानिमा जनरल इन्स्योरेन्स लि.
Sanima General Insurance Ltd.

City Express Complex, Kamaladi,
Kathmandu | P.O. Box: 1622
Phone Number: +977-1-4427101/170/171/172
Fax No. : +977-1-4427103
E: sanima@sanimageneral.com
W: www.sanimageneral.com

च. नं. १०१ऽ/०७८/०७९

मिति : २०७८।०९।०८

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको संचालक समितिको मिति २०७८।०९।०८ गते बसेको ९७ औ बैठकको निर्णय बमोजिम आ.व २०७७/०७८ को चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बस्ने निर्णय भएको ब्यहोरा तहाँ कार्यालय समक्ष जानकारीको लागि अनुरोध छ । साथै उक्त साधारण सभा बस्ने प्रयोजनार्थ मिति २०७८।०९।१९ गते शेयर दर्ता किताव बन्द हुने ब्यहोरा समेत अनुरोध छ ।

**मिति : २०७८ साल पौष ३० गते, तदनुसार १४ जनवरी २०२२, शुक्रबार ।**

**समय : विहान ११:०० बजे ।**

**स्थान : स्मार्ट क्याफे एण्ड बैङ्क्वेट, धुम्बाराही चोक, काठमाण्डौ र विद्युतीय माध्यम Zoom App मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।**

शेयरधनी तथा सर्वसाधारणहरुको जानकारीको लागि उक्त साधारण सभा सम्बन्धि सूचना मिति २०७८।०९।०९ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरीनेछ तथा कम्पनीको वेभसाइट www.sanimageneral.com मा समेत राखिएको ब्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

भवदीय

सुद्युम्न प्रसाद उपाध्याय
प्रमुख कार्यकारी अधिकृत

**संलग्न कागजात :**

(१) चौथो वार्षिक साधारण सभाको सूचना ।

3455

# Sanima General Insurance

केन्द्रिय कार्यालय : सिटी एक्सप्रेस कम्प्लेक्स, कमलादी,
पोष्ट बक्स नं. १६२२, काठमाण्डौं, नेपाल
फोन नं. ०१-४४२७१७०, ४४२७१७१, ४४२७१७२, ४४२७१०१, फ्याक्स: १-४४२७१०३

को

# चौथो वार्षिक साधारण सभा वस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७८/०९/०९)**

श्री शेयरधनी महानुभावहरु,

यस सानिमा जनरल इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०७८।०९।०८ गते बसेको ९७ औं बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : **२०७८ साल पौष ३० गते (तद्नुसार १४ जनवरी, २०२२) शुक्रबार ।**

**समय** : **विहान ११:०० बजे ।**

**स्थान** : **स्मार्ट क्याफे एण्ड बैंकवेट, धुम्बाराही चोक, काठमाण्डौ र विधुतीय माध्यम Zoom App मार्फत एकसाथ सभा सञ्चालन हुनेछ ।**

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

(१) आ.व. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहित आ.व. २०७७/०७८ आषाढ मसान्तको वासलात, मिति २०७७।०४।०१ गते देखि २०७८।०३।३१ गते सम्मको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु तथा NFRS बमोजिमको वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लागि वाहय लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरीक्षक कानूनत पुनः नियुक्त हुन योग्य रहेको) ।

**(ख) विविध :**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. यस साधारण सभामा भाग लिने प्रयोजनका लागि कम्पनीको शेयर दाखिला खारेजका लागि मिति २०७८।०९। १९ गते शेयर दर्ता किताव बन्द गरिनेछ । उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोवार गरी सिडिएस एण्ड क्लियरिङ्ग लि. बाट राफसाफ भएको र कम्पनीको शेयर रजिष्ट्रार सानिमा क्यापिटल लि. को शेयर अभिलेखमा दर्ता भएका शेयरधनीहरु साधारण सभामा भाग लिन योग्य मानिनेछन् ।

२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्के मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा दर्ता गरि सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ । प्रोक्सी फाराम यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

३. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ती सबै भन्दा पहिले प्राप्त भएको हो माथि (२) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफैं उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

४. हाल विश्वमा नयाँ नयाँ कोरोना भाईरस संक्रमणको जोखिम यथावत रहेका कारण शेयरधनी महानुभावहरुलाई भिडियो कन्फरेन्स मार्फत साधारण सभामा सहभागी हुने व्यवस्था मिलाइनेछ । भिडियो कन्फरेन्स मार्फत साधारण सभामा सहभागी हुन शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो शेयर सम्बन्धी विवरण र आफ्नो परिचयपत्र सहित कम्पनी सचिव वा कम्पनीको इमेल ठेगाना sanima@sanimageneral.com मा वा कम्पनीको फो.नं ०१-४४२७१७०, एक्सटेन्सन नं. २१८ मा सम्पर्क गरी Meeting ID तथा Password लिन सकिनेछ । भिडियो कन्फरेन्स मार्फत चौथो वार्षिक साधारण सभाको बैठकमा भाग लिने शेयरधनीहरुको भर्चुअल सहभागिता लाई कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिमको गणपुरक संख्या गणना गर्दा उपस्थितिमा समावेश गरी गणना गरिनेछ ।

५. भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागिता हुनु हुने शेयरधनीहरुलाई चौथो वार्षिक साधारण सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइनेछ । भर्चुअल भिडियो कन्फरेन्स माध्यमबाट सहभागि हुनु हुने शेयरधनीहरुको हाजिर निजहरुले गरेको लगईन (Virtual Log in) को आधारमा गरिनेछ ।

६. कुनै शेयरधनी महानुभावले साधारण सभामा आफ्नो मन्तव्य राख्न चाहेमा कम्पनीमा सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम कम्पनी सचिबलाई टिपाउनु पर्नेछ ।

७. कम्पनी ऐन अनुसारको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, सूचना तथा सामान्य जानकारी सम्बन्धी विवरण कम्पनीको website www.sanimageneral.com मा उपलब्ध हुनेछ ।

८. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

९. अन्य कुनै जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।